फोन : ०६१५०६४०३

# माादी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

थुमाकोडाँडा, कास्की

माादी गाउँपालिका
गण्डकी प्रदेश, नेपाल

पत्र संख्या : २०७६/०७७
चलानी नं.:

मिति : २०७६/१०/२०

**सूचना !** **सूचना !!** **सूचना !!!**

**कृषि विकास कार्यक्रम सञ्चालनको लागि प्रस्ताव आह्वान सम्बन्धी**

प्रथम पटक प्रकाशित मिति : २०७६/१०/२० गते

यस कार्यालयको आ.व. २०७६/७७ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार कृषि उत्पादन (तरकारी खेती/मौरी पालन/च्याउखेती/अन्नवाली) बजार प्रवर्द्धन सम्बन्धी कार्यक्रमका माध्यमबाट स्वरोजगार प्रवर्द्धन गर्ने कार्यक्रम रहेको हुँदा इच्छुक व्यक्तिगत फर्म, कृषक समुह, कृषि सहकारीहरुले (तरकारी खेती/मौरी पालन/च्याउखेती/अन्नवाली मध्ये कुनै एक ) कार्यक्रमको लागि यस गाउँपालिकामा स्थायी वसोवास गर्ने युवाहरुले पेश गर्ने गरी यो सुचना प्रकाशित गरिएको छ। यो सुचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिन भित्र तोकिएको ढाँचा अनुसारको फाराममा आवेदन पेश गर्नुपर्नेछ। पुनश्च: आवेदन साथ तपशिल अनुसारका कागजहरु संलग्न राख्न समेत यसै सुचना द्वारा सूचीत गरिन्छ।

१. अनुसूची २ अनुसारको आवेदन फाराम
२. अनुसूची ३ अनुसारको संक्षिप्त कार्ययोजना
३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
४. व्यवसाय दर्ताको प्रमाण पत्रको प्रतिलिपि
५. घर अभिलेख प्रमाण पत्रको प्रतिलिपि
६. तालिम, शैक्षिक योग्यता, अनुभव, जग्गा धनी प्रमाण पत्र वा जग्गा भाडा सम्झौतापत्र आदीको प्रतिलिपिहरु
७. सम्बन्धीत वडा कार्यालयको सिफारिस।

नोट :

- अनुसूची २, ३ र कार्यविधि गाउँपालिकाको वेवसाईट : www.madimunkaski.gov.np बाट डाउनलोड सकिनेछ।
- आवेदन फाराम बुझाउने अन्तिम मिति: २०७६/११/०५ गते

२०७६।१०।२०

नि. प्रमुख प्रशासकीय अधिकृत